केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : “रावा”
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३१/०६६/६७ मिति : २०६६/१२/१६

**इजाजतपत्रप्राप्त “घ” वर्गका वित्तीय संस्थाहरू,**

विषयः- “घ” वर्गका वित्तीय संस्थाहरूले सर्वसाधारणबाट निक्षेप परिचालन गर्ने सम्बन्धमा ।

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त खुद्रा बैंकिंग कारोवार गर्ने (Retail Micro Banking) “घ” वर्गका वित्तीय संस्थाहरूले सर्वसाधारणबाट निक्षेप परिचालन गर्ने सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. देहायका शर्तहरु पूरा गरेका खुद्रा बैंकिङ्गको कारोवार गर्ने (Retail Micro Banking) ‘घ’ वर्गका वित्तीय संस्थाहरुले सर्वसाधारणबाट निम्न शर्तहरुको अधिनमा रही यस बैंकको स्वीकृति लिई निक्षेप परिचालन गर्न सक्नेछन् ।
   (क) बाह्य लेखापरीक्षणबाट विगत ३ वर्षदेखि खुद मुनाफा आर्जन गरेको प्रमाणित भएको ।
   (ख) नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम पुँजीकोष पूरा गरेको ।
   (ग) पूर्व सञ्चालन खर्च पूर्णरुपमा अपलेखन भएको ।
   (घ) प्रबन्धपत्र तथा नियमावलीमा सर्वसाधारणबाट निक्षेप परिचालन गर्नसक्ने व्यवस्था भएको ।
   (ङ) वचत, कर्जा लगानी नीति र कोष परिचालनसम्बन्धी नीति तयार गरेको ।
   (च) नेपाल राष्ट्र बैंकद्वारा जारी सम्पूर्ण निर्देशनहरुको पालना भएको ।
   (छ) पछिल्लो त्रयमासको विवरण अनुसार निष्कृय कर्जा ५ प्रतिशतभन्दा बढी नभएको ।
   (ज) कुल समूह संख्या कम्तीमा ५०० रहेको वा कम्तीमा २५०० सदस्यसंग कर्जा कारोवार गरिरहेको ।
   (झ) संस्थाले अन्य निकायबाट प्राप्त गरेको सापटी/ऋण शत प्रतिशत आफ्ना ग्राहकहरुमा लगानी गरेको ।

२. उपरोक्त शर्तहरु पूरा गरी निक्षेप परिचालन गर्ने लघुवित्त विकास बैंकहरुले सर्वसाधारणबाट निक्षेप परिचालन गर्ने सीमा तथा अन्य व्यवस्था देहाय बमोजिमको हुनेछ ।
   (क) आफ्नो प्राथमिक पुँजीको ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्ने सीमाभित्र रही प्राथमिक पुँजीको बढीमा ५ गुणासम्म सर्वसाधारणबाट निक्षेपको रुपमा वित्तीय स्रोत परिचालन गर्न सक्नेछन् । सर्वसाधारणबाट संकलित निक्षेपको सीमामा समूह सदस्यहरुको बचत निक्षेप गणना हुने छैन ।
   (ख) वचत तथा २ वर्षसम्मको मुद्दती निक्षेप मात्र परिचालन गर्न सक्नेछन् ।
   (ग) कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट आफ्नो कुल निक्षेपको वढीमा बीस प्रतिशतसम्मको सीमामा नवढ्ने गरी संस्थागत निक्षेप परिचालन गर्न सक्नेछन् ।
   (घ) त्रैमासिक रुपमा सम्पत्ति तथा दायित्वको अवस्थाबारे Gap अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।
   (ङ) कुल निक्षेप दायित्वको २ प्रतिशत अनिवार्य मौज्दात वापत यस बैंकमा वा यस बैंकको कार्यालय नभएको स्थानमा नजिकको “क” वर्गको इजाजतपत्रप्राप्त संस्थामा यस प्रयोजनको लागि छुट्टै चल्ती खाता खोली राख्नुपर्ने छ । अनिवार्य मौज्दात सम्बन्धी अन्य व्यवस्थाहरु तथा यस बैंकलाई पठाउनु पर्ने विवरण एकीकृत निर्देशनको इ.प्रा.निर्देशन नं. १३/०६६ (अनिवार्य मौज्दात सम्वन्धी व्यवस्था) को बुंदा नं. १ अनुसार हुनेछ । साथै, त्यस्ता लघुवित्त विकास बैंकहरुको हकमा उक्त निर्देशनको बुंदा नं. २ लागू हुनेछैन ।

भवदीय,

(वासुदेव अधिकारी)
निर्देशक

**बोधार्थ :**
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं ।
१०. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाण्डौं ।